# स्थानीय राजपत्र

भाग २ खण्ड ४ संख्या ५

**विद्यालयमा शिक्षक तथा कर्मचारीहरूकोपारिश्रमिक अनुदान वितरण सम्बन्धी कार्यविधि, २०७८**

## ताराखोला गाउँपालिकाद्वारा प्रकाशित

## राजपत्र

तारकेश्वर गाउँपालिका

# ताराखोला गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड (४) संख्या (५) मिति – २०७७/११/११

### भाग : २

### ताराखोला गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ उपदफा १ बमोजिम ताराखोला गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यबिधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### संवत् २०७७ सालको कार्यविधि नं. १३

### कार्यविधिको नामः विद्यालयमा शिक्षक तथा कर्मचारीहरूकोपारिश्रमिक अनुदान वितरण सम्बन्धी कार्यविधि, २०७८

**प्रस्तावनाः–** ताराखोला गाउापालिका स्थित सामुदायिक विद्यालयहरुमा शिक्षक दरवन्दी संख्या कमभएको कारण निजी स्रोतबाट शिक्षक ब्यवस्थापन गर्न विद्यालयमा स्रोतको अभाबले गर्दा गाउँपालिकाबाट शिक्षण सिकाई अनुदान रकम उपलब्ध गराउनु पर्ने भएको तथा विद्यालयमा कार्यरत कर्मचारीहरुको पारिश्रमिक समेत विद्यालयले उपलब्ध गराउन नसक्ने अवस्था देखिएकोले शिक्षक तथा कर्मचारीहरुको पारिश्रमिक वापत दिईनेअनुदान वितरणलाई पारदर्शी र वैज्ञानिक बनाउन आवश्यक भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरि गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

ताराखोला गाउँपालिका

१. यो कार्यविधिको नाम विद्यालयमा शिक्षक तथा कर्मचारीहरुको पारिश्रमिक अनुदान वितरण सम्बन्धी कार्यविधि, २०७८ रहेको छ

२. यो कार्यविधि गाउँकार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ,

## परिच्छेद -१

## परिभाषा र व्याख्या

**३. परिभाषाः**

विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क)"शिक्षक"भन्नाले गाउँपालिकाको अनुदानबाट तलब भत्ता खानेगरी विद्यालय व्यवस्थापन समितिबाट नियुक्त शिक्षक सम्झनु पर्छ ।

ख) करार शिक्षक पारिश्रमिक अनुदान" भन्नाले गाउँपालिकालेविद्यालयमा शिक्षक अभाव पूर्ति गर्न विद्यालयमा विद्यार्थी संख्या र विषयगत शिक्षक दरवन्दी को आधारमा संघीय सरकारबाट उपलब्ध नहुन्जेल सम्मका लागि मात्र उपलब्ध गराएको रकम सम्झनु पर्छ ।

ग) "गाउँपालिका" भन्नाले ताराखोला गाउँपालिका सम्झनु पर्छ ।

घ) "गाउँकार्यपालिका"भन्नाले ताराखोला गाउँपालिकाको गाउँकार्यपालिका सम्झनु पर्छ ।

ङ) 'सामुदायिक विद्यालय' भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृत प्राप्त विद्यालय सम्झनुपर्छ ।

च) 'कर्मचारी' भन्नाले प्राथमिक तह देखि माध्यमिक तहसम्म शिक्षण पेशामा संलग्न शिक्षक बाहेक विद्यालयले नियुक्त गरी कामकाजमा लगाएका कर्मचारी वा कार्यालय सहयोगी समेतलाई सम्झनुपर्छ ।

छ) 'वाल विकास सहजकर्ता' भन्नाले वालविकास केन्द्रमा कार्यरत सहजकर्ता सम्झनुपर्छ।

ताराखोला गाउँपालिका

## परिच्छेद -२

## शिक्षक र सहजकर्ताको पारिश्रमिक सम्बन्धी व्यवस्था

**४. गाउँपालिकाले विद्यालयलाई  देयायबमोजिमका आधारमा शिक्षकको पारिश्रमिकउपलब्ध गराउनेछ ।**

क माध्यामिक तह १–१० मा बिषयगत आधार

ख. आधारभुत तह १–८ मा बिषयगत आधार

ग. आधारभुत तह १–५ शिक्षक बिद्यार्थी अनुपात

**५. पारिश्रमिक अनुदानका आधारहरू**

(क) कक्षा १ देखि १० सम्म संचालित बिद्यालयहरुमा

अ. माध्यामिक तहमा बिषयगत दरवन्दी शुन्य भएमा दुई जना शिक्षकबराबरको अनुदान रकम

आ. माध्यामिक तहमाबिषयगत दरवन्दी तिन वटा सम्म भएमा एक जना शिक्षक बराबरको अनुदान रकम

माध्यामिक तहमाबिषयगत दरवन्दी तिन वटा भन्दा बढी  भएमा करार शिक्षकलाई अनुदान रकम उपलब्ध गराइनेछैन, उल्लेखित अनुदान रकम अंग्रेजी,गणित र बिज्ञान बिषयको शिक्षक दरबन्दी नभएको अवस्थामा सोहि विषयमा शिक्षक करारमा नियुक्ती गरेपछि मात्र अनुदान उपलब्ध गराईने छ । अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षक नराखी अन्य विषयमा शिक्षक राख्न अनुदान प्रयोग गर्न पाईने छैन । उक्त विषयहरुमा शिक्षक व्यवस्था भएको र दफा (५) को (अ) र (आ) बमोजिमको शर्त पुरा गरी अन्य विषयको शिक्षक समेत राख्न सकिने छ ।संघीय र प्रदेश सरकारबाट प्राप्त भएको अनुदानलाइ पनि दरबन्दी सरह मानिनेछ । बिद्यालयमा स्थानीय स्रोतमा कार्यरत शिक्षक भएमा त्यस्ता शिक्षकलाई प्राथमिकता दिई नियुक्ति गर्नुपर्नेछ,

(ख) कक्षा १ देखि ८ सम्म संचालित बिद्यालयहरुमा

अ. आधारभुत तहमा ५ वटा सम्म दरवन्दी भएमा एक जना बिषयगत शिक्षक बराबरको पारिश्रमिक

आधारभुत तहमा५ वटा भन्दा बढी दरवन्दी भएमा करार शिक्षकहरुको पारिश्रमिक उपलब्ध गराईने छैन, संघीय र प्रदेश सरकारबाट प्राप्त भएको अनुदानलाइ पनि दरबन्दी सरह मानिनेछ,उल्लेखित अनुदान रकम अंग्रेजी, गणित र बिज्ञान बिषयको

शिक्षक दरबन्दी नभएको अवस्थामा सोहि विषयमा शिक्षक करारमा नियुक्ती गरेपछि मात्र अनुदान उपलब्ध गराईने छ । अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षक नराखी अन्य विषयमा शिक्षक राख्न अनुदान प्रयोग गर्न पाईने छैन । उक्त विषयहरुमा शिक्षक व्यवस्था भएको र दफा (५) को (अ) र (आ) बमोजिमको शर्त पुरा गरी अन्य विषयको शिक्षक समेत राख्न सकिने छ । बिद्यालयमा स्थानीय स्रोतमा  निरन्तर कार्यरत शिक्षक भएमा त्यस्ता शिक्षकलाई प्राथमिकता दिई नियुक्ति गर्नुपर्नेछ

(ग) कक्षा १ देखि ५ सम्म संचालित बिद्यालयहरुमा

अ. शिक्षक बिद्यार्थी अनुपात १:१० भन्दा बढी भएको बिद्यालयलाई एक जना शिक्षक, तर चार वा सो भन्दा बढि शिक्षक दरवन्दी भएका बिद्यालयहरुलाईपारिश्रमिक अनुदान रकम उपलव्ध गराईने छैन,

घ) वालविकास सहजकर्ता र कर्मचारीहरुको पारिश्रमिक

अ) माध्यमिक विद्यालयमा कार्यरत एक जना कर्मचारीलाई हाल नेपाल सरकारले उपलब्ध गराएको पारिश्रमिकमा मासिक रु १८५००।- पर्याउन नपुग हुन आउने रकम पारिश्रमिक अनुदान दिने ।

आ) आधारभुत तह (१-५)मा कार्यरत एक जना कार्यालय सहयोगीलाई हाल नेपाल सरकारले उपलब्ध गराएको पारिश्रमिकमा मासिक रु १००००।- पुर्याउन नपुग हुन आउने रकम पारिश्रमिक अनुदान दिने ।

इ) आधारभुत तह (१-८)मा कार्यरत एक जना कार्यालय सहयोगीलाई हाल नेपाल सरकारले उपलब्ध गराएको पारिश्रमिकमा मासिक रु १३०००।- पुर्याउन नपुग हुन आउने रकम पारिश्रमिक अनुदान दिने ।

ई) माध्यमिक तह (१-१२) संचालित विद्यालयमा कार्यरत एक जना कार्यालय सहयोगीलाई हाल नेपाल सरकारले उपलब्ध गराएको पारिश्रमिकमा मासिक रु १३०००।- पुर्याउन नपुग हुन आउने रकम पारिश्रमिक अनुदान दिने ।

उ) बालविकास केन्द्रमा कार्यरत एक जना सहजकर्तालाईहाल नेपाल सरकारले उपलब्ध गराएको पारिश्रमिकमा मासिक रु १५०००।- पुर्याउन नपुग हुन आउने रकम पारिश्रमिक अनुदान दिने ।

तर यो कार्यबिधि स्वीकृत हुनुभन्दा अगाडी स्थानिय तहबाट पारिश्रमिक दिने गरी नियुक्ति भएका कार्यालय सहयोगी र वालविकास सहजकर्तालाई मासिक रुपमा दफा

५ को (घ) बमोजिमको रकम पारिश्रमिक अनुदान दिने ।

६. दफा ५ बमोजिम व्यबस्था गरेको शिक्षकहरुलाई बिद्यालय ब्यबस्थापन समितीले शिक्षा ऐन २०२८ तथा नियमावलीले तोकेको व्यवस्था बमोजिम नियुक्ति गर्नुपर्नेछ,

७ दफा ६ बमोजिम नियुक्ति भएका शिक्षकलाई पारिश्रमिक दिने प्रयोजनको लागि गाउँपालिकाले बिनियोजित रकमबाट देहायबमोजिमका दरले दफा (५) बमोजिम हुनेगरी पारिश्रमिक अनुदान रकम उपलब्ध गराउनेछ,

क. माध्यामिक तह १-१० मा मासिक रु ३७९९०- का दरले १३ महिना बराबरको पारिश्रमिक

ख. आधारभुत तह १-८ मामासिक रु ३०२००- का दरले १३ महिना बराबरको पारिश्रमिक

ग.आधारभुत तह १-५ मामासिक रु१६०००- का दरले १३ महिना बराबरको पारिश्रमिक

**८. शिक्षकको सेवा शर्त**:

१ शिक्षकको कार्य अवधि एक शैक्षिकसत्रको हुनेछ,

२ पारिश्रमिक बाहेक अन्य भत्ता उपलब्ध गराइने छैन,

२ शैक्षिकसत्र समाप्त भएपछि आवश्यकताको आधारमा गाउँकार्यपालिकाको निर्णय बमोजिम शिक्षकलाई शिक्षण कार्यको लागि निरन्तरता दिन सकिनेछ,

**९. गाउँपालिकामा कागजात पेश गर्नुपर्ने**:

विद्यालयले पारिश्रमिक अनुदान प्राप्त गर्न देहाय बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ ।

क) स्वीकृत दरवन्दी र कार्यरत शिक्षक तथा कर्मचारी संख्या,कक्षागत विद्यार्थी संख्या

ख) नियुक्ति गरिएको शिक्षक तथा कर्मचारीहरुको शैक्षिक योग्यताका प्रमाणपत्रहरु, नियुक्ती पत्र तथा विद्यालयको हाजिरी अभिलेखको प्रमाणित प्रतिलिपि

ग) बिद्यालय ब्यबस्थापन समितीको निर्णय

**१०. अनुदान प्राप्त नहुने**:

देहायको अवस्थामा सामुदायिक विद्यालय र वालविकास केन्द्रहरुलाई गाउँपालिकाले पारिश्रमिक अनुदान उपलब्ध गराउनेछैन ।

क) नेपाल सरकारले स्वयमसेवक वा अन्य शिक्षक खटाउने गरी कार्यक्रम लागू गरेमा,

ख) दरवन्दी मिलान भई आवश्यक मात्रमा शिक्षकको ब्यवस्था भएमा,

ग) विद्यालयमा शिक्षकको आवश्यकता नभएमा,

घ) विद्यालय वा बालविकास केन्द्र अर्को विद्यालय वा वालविकास केन्द्रमा गाभिएमा,

ङ) अनुदान पाईरहेको तहमा विद्यार्थी नभएमा ।

**११. खारेजी र बचाउः**

(१) यो कार्यबिधी संघीय वा प्रदेश कानुनसंग बाझिएमाबाझियएको हदसम्म स्वत खारेज हुनेछ ।

(२) गाँउकार्यपालिकाले यस कार्यविधिमा संशोधन वा खारेज गर्न सक्नेछ,

(३) सामुदायीक विद्यालयमा अनुदान वितरण सम्बन्धी कार्यविधी २०७७ खारेज गरिएको छ ।

आज्ञाले,
नाम – राम प्रसाद शर्मा
प्रमुख प्रशासकिय अधिकृत

ताराखोला गाँउपालिका